नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सुनसरी

## सेवा प्रवाहसम्बन्धी अत्यन्त जरुरी सूचना

यस कार्यालयबाट सेवाग्राहीको सहजीकरणकालागि नागरिक सहायता कक्ष सञ्चालनमा ल्याई सबै प्रकारका निवेदन, हुलाक रसिद, विभिन्न सिफारिसलगायत राजश्व बाहेकका अन्य सबै प्रकारका सेवाहरु कार्यालयबाटै निःशूल्क उपलब्ध हुँदै आइरहेको छ । स्थानीय तह वा अन्य निकायबाट सिफारिस भई आएको काममा निवेदनसमेत लेखन नपर्ने व्यवस्था रहेको, निवेदन लेख्नै पर्ने भएमा कार्यालयबाट सबै प्रकारका निवेदनहरु निःशुल्क लेख्ने व्यवस्था रहेको व्यहोरा विदितै छ । तथापि कार्यालय र कार्यालय परिसर बाहिर केही अवाञ्छित व्यक्तिहरु पुनः सेवाग्राहीहरुको सहजीकरणका नाममा गैरकाननूनी रुपमा सेवाग्राहीलाई दुःख, झन्झट तथा सास्ती दिइरहेको भन्ने सूचना प्राप्त भएकोले यस्ता गतिविधिहरु नगर्न पुनः यो सूचना प्रकासित गरीएको छ । यो सूचना विपरीत यस कार्यालयमा सेवा लिन आउने सेवाग्राहीहरुलाई सहजीकरणका नाममा यस्ता खालका गतिविधि भए/गरेको पाइएमा तथा आफ्नो व्यक्तिगत काममा बाहेक कार्यालयभित्र अवाञ्छित रुपमा प्रवेश गरेको पाइएमा प्रचलित कानूनबमोजिम कडा भन्दा कडा कारवाही हुने व्यहोरासमेत जानकारी गराइन्छ ।

*पुनश्चः यस्ता अवाञ्छित गतिविधि गरेको पाइएमा यस कार्यालय र प्रहरी कार्यालयको सामाजिक सञ्जाल तथा चारित्रिक प्रमाणपत्र लिन नेपाल प्रहरीको* **Online System CRS** *मा फोटो सहित प्रकाशन गरिने व्यहोरा जानकारी गराइन्छ ।*

मितिः २०८०।०८।११ गते

(ओम प्रसाद भट्टराई)
सहायक प्रमुख जिल्ला अधिकारी

"व्यवसायिक र सिर्जनशील प्रशासनःविकास, समृद्धि र सुशासन"
☎०२५-५६५१५१, ५६५१३१, ५६५०२२, ५६५१७२ (निवास), ०२५-५६६७२८
Email: daosunsari@gmail.com, website: www.daosunsari.moha.gov.np, facebookpage: www.facebook.com/daosunsari